का.जि.प्र.का.द.नं. १००/०५९/६०

१५ असार २०८०,
शुक्रबार
30 June 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह


राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १५५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

**डेंगुको जोखिम उच्च**

# ६ महिनामा ९ सय बिरामी




**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १४ असार ।

ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार नेपालमा डेंगु संक्रमणको जोखिम बढ्न थालेको छ । पानी परेको र गर्मी बढेका कारण लामखुट्टेका लार्भाको संख्या बढेकाले डेंगु संक्रमणको जोखिम उच्च भएको चिकित्सकहरु बताउँछन् ।

सरकारी तथ्याङ्कअनुसार पछिल्लो ६ महिनाको अवधिमा डेंगुका ९ सयभन्दा बढी मानिसहरु बिरामी परेका छन् । ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार हाल ४७ वटा जिल्लामा देखा परेको छ । जिल्लागत रुपमा डेंगु सबैभन्दा धेरै दार्चुलामा देखिएको छ। जहाँ डेंगुका १ सय ८७ जना बिरामी रहेका छन् । धादिङमा ९७, पृष्ठ २ मा

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सूचना निकालेर डेंगुको संक्रमणबाट बच्नका लागि लामखुट्टेको टोकाइबाट बच्नुपर्ने भन्दै फुल टाँगेर मात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएका लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न भनेको छ ।

- मानो रोपौं, मुरी फलाऔं,
- खेतीयोग्य जमिन बाँझो नछोडौं,
- पसिना बगाऔं, समुन्नत बनौं,
- आफू र देशलाई परनिर्भरताबाट बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## मध्यावधिको त्रास



मलाई विश्वासको मत नदिने हो भने मध्यावधि निर्वाचनको सामना गर्नुपर्छ, के मध्यावधि निर्वाचनमा जान हामी तयार छौं ? यो प्रदेशसभा तयार छ ? नेपालको संघीयता तयार छ ?

**हिक्मतकुमार कार्की**
**मुख्यमन्त्री, कोशी प्रदेश**

**काठमाडौं/मस-** कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले आफूलाई सबै प्रदेशसभाले विश्वासको मत नदिए मध्यावधिमा जाने बताएका छन् । बिहीबार प्रदेशसभामा विश्वासको मत माग्दै उनले यस्तो त्रास देखाएका हुन् । 'यो बाटोमा नजाने हो भने मध्यावधि निर्वाचनको सामना गर्नुपर्छ, के मध्यावधि निर्वाचनमा जान हामी तयार छौं, यो प्रदेशसभा तयार छ, नेपालको संघीयता तयार छ ?' उनले प्रश्न गरे ।

आफू मुख्यमन्त्री भएको ६ महिनामा कहिँ पृष्ठ २ मा

# अन्योलमा कोशी

### नेकपा एमाले र राप्रपाबाहेकका दलहरुले मुख्यमन्त्री हिक्मत कार्कीलाई विश्वासको मत नदिने घोषणा गरेपछि चुनाव भएको सात महिनामै कोशी प्रदेशमा सत्ताको अन्योलता देखा परेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ असार ।

चुनाव भएको सात महिनामै कोशी प्रदेशमा सत्ताको अन्योलता देखा परेको छ । नेकपा एमाले र राप्रपाबाहेकका दलहरूले मुख्यमन्त्री हिक्मत कार्कीलाई विश्वासको मत नदिने घोषणा गरेपछि अन्योलता देखा परेको हो ।

९३ सदस्यीय कोशी प्रदेशसभामा बहुमतका लागि ४७ प्रदेशसभा सदस्य चाहिन्छ, तर यो संख्या सत्तारुढ र विपक्षी दुबै गठबन्धनसँग छैन ।

सरकारको नेतृत्व गरेको एमालेसँग ४० सिट छ भने सरकारमा रहेको राप्रपाका ६ प्रदेशसभा सदस्य छन् । अर्थात अहिलेकै अवस्थामा विश्वासको मत लिने मुख्यमन्त्री कार्कीको प्रस्तावमाथि मतदान हुने हो भने ४६ जनाको मात्र समर्थन हुन्छ, जुन प्रदेशसभाको बहुमत भन्दा एक सिट कम हो, त्यसैले कार्की नेतृत्वको सरकार ढल्छ ।

त्यसपछि नयाँ सरकार गठनको प्रक्रिया सुरु हुन्छ । संविधानको धारा १६८ ९२०अनुसार प्रदेशसभाको दुई वा दुईभन्दा बढी पृष्ठ २ मा

## एक मत निर्णायक

मुख्यमन्त्री कार्कीले सरकार टिकाउन आवश्यक एक मत जोहो गर्न जनता समाजवादी पार्टी (जसपा) लाई फकाउन खोजे ।

जसपाका एक जना सांसद र एक जना गैरसांसदलाई मन्त्री बनाउने प्रस्ताव मुख्यमन्त्रीले पठाएको पनि बताइन्छ । यही प्रस्तावका कारण जसपाले बिहीबारको बैठकमा तटस्थ बस्ने निर्णय लिएको नेताहरुको दाबी छ ।

ती नेताका अनुसार मुख्यमन्त्री पृष्ठ २ मा

## जसपा तटस्थ

कोशी प्रदेशसभामा मुख्यमन्त्री जसपा तटस्थ बसेको छ । हिक्मतकुमार कार्कीको विश्वासको मतसम्बन्धी प्रस्तावमा जनता समाजवादी पार्टीकी सांसद निर्मला लिम्बुले बोल्नै समेत अस्वीकार गरिन् ।

बिहीबार प्रदेशसभा बैठकमा मुख्यमन्त्री कार्की विश्वासको मतसम्बन्धी प्रस्ताव राखेपछि सभामुख बाबुराम गौतमले जसपाको तर्फबाट पृष्ठ २ मा

## कांग्रेसले माग्यो मुख्यमन्त्रीको राजीनामा



विश्वासको मत पाउने अवस्था छैन भने राजीनामा दिएर नयाँ सरकारका लागि मार्ग प्रशस्त गर्दा राम्रो हुन्छ ।

**उद्धव थापा**
**संसदीय दलका नेता**
**कांग्रेस कोशी प्रदेश**

नेपाली कांग्रेसले हिक्मतकुमार कार्कीको राजीनामा माग गरेको छ ।

कांग्रेस कोशी प्रदेश संसदीय दलका नेता उद्धव थापाले मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई राजीनामा दिन सुझाव दिएका हुन् । मुख्यमन्त्री कार्कीले राखेको विश्वासको मतसम्बन्धी पृष्ठ २ मा

## ओलीले गरे देउवालाई फोन



कोशी प्रदेशको विषयलाई लिएर एमाले अध्यक्ष केपी शर्मा ओलीले कांग्रेस सभापति शेरबहादुर देउवालाई टेलिफोन गरेका छन् । उनले कोशीमा मिलेर जाने प्रस्ताव गरेका छन् ।

माओवादीले समर्थन फिर्ता लिनुअघि महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा र सहमहामन्त्री भीष्मराज आङ्देम्बेले एमाले संसदीय पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### मस्कटमा जारी एनआरएनए मध्यपूर्व सम्मेलनको दोस्रो दिन

# इराक, अफगानिस्तान र कीर्गिस्तानसमेत खोल्नुपर्छ : मन्त्री भण्डारी

**मदनकुमार श्रेष्ठ/मध्यान्ह**
मस्कट, ओमान, १४ असार

गैरआवासीय नेपाली संघ (एनआरएनए)को आठौं मध्यपूर्व क्षेत्रीय सम्मेलनका सहभागीले स्थिर नीतिको आधारमा वैदेशिक रोजगार सञ्चालन हुनुपर्नेमा जोड दिएका छन् ।

गैरआवासीय नेपाली संघको मध्यपूर्व क्षेत्रीय परिषद्को मुख्य आयोजना र राष्ट्रिय समन्वय परिषद् ओमानको आतिथ्यतामा ओमानको मस्कटस्थित होटेल मस्कट होलिडेमा बुधबारदेखि शुरु भएको सम्मेलनमा



सहभागीहरुले स्थिर नीतिको आधारमा वैदेशिक रोजगार सञ्चालन हुनुपर्नेमा जोड दिएका हुन् । 'अनिवार्य सामाजिक सुरक्षा र सम्मानित वैदेशिक रोजगार रेमिट्यान्सको सही लगानी राष्ट्र निर्माणको आधार' भन्ने मूल नारा रहेको सम्मेलनको उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर पृष्ठ २ मा

### साउदीमा गोली चल्दा नेपाली सुरक्षागार्डको मृत्यु

काठमाडौं/मस- साउदी अरबको जेद्दास्थित अमेरिकी महावाणिज्य दूतावासमा गोली चल्दा एक नेपाली सुरक्षागार्डको मृत्यु भएको छ । गोली लागेर गम्भीर घाइते भएका नेपाली सुरक्षागार्डको उपचारको क्रममा मृत्यु भएको हो । अलजजिराका अनुसार बुधबार दूतावास नजिकै कारमा आएका एक व्यक्तिले गोली चलाएपछि दोहोरो गोली हानाहान भएको थियो । घटना बुधबार साँझ पौने ७ बजे भएको बताइएको छ । मृत्यु हुने नेपालीको परिचय भने खुलेको छैन । उनी महावाणिज्यदूतका निजी सुरक्षागार्डको जिम्मेवारीमा थिए ।

## अझै कार्यान्वयनमा आएन २० वर्षे सवारी हटाउने निर्णय

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १४ असार ।

२० वर्षसम्म प्रयोग भएका सवारीसाधनले वातावरण प्रदुषण र दुर्घटना बढेको भन्दै सरकारले पुराना सवारीको दर्ता खारेजी गर्ने निर्णय गरेपनि हालसम्म कार्यान्वयनमा आउन सकेको छैन । बरु, उपत्यकामा अहिलेसम्म पनि ४० वर्षसम्म चलेका गाडीहरु निर्वाध चलिरहेकै छन् । हरेक वर्ष झण्डै २ हजार गाडीले २० वर्षे अवधि पूरा गर्ने गरेका छन् । यातायात व्यवस्था विभागकै तथ्याङ्क हेर्ने हो भने पनि काठमाडौं भित्र १२ सय भन्दा बढी गाडी २० वर्ष भन्दा पुराना रहेका छन् । देशभर झण्डै २० हजार गाडी २० वर्षभन्दा पुराना रहेको अनुमान छ ।

'सवारीसाधनलाई यान्त्रिक परीक्षण गरेर सञ्चालन गर्न ठीक सवारीसाधनलाई सञ्चालन गर्न दिनुपर्छ, फलामको कुनै आयु हुँदैन, सञ्चालन गर्न ठीक नभएका सवारीसाधनलाई मात्र हटाउनुपर्छ,' नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका महासचिव डेकनाथ गौतमले भने । उनले एकैपटक २० वर्ष पुराना सार्वजनिक सवारीसाधन हटाउँदा राज्यको ठूलो रकमसमेत नयाँ गाडी खरिदका लागि बाहिरिने हुँदा त्यसतर्फ पनि ध्यान दिनुपर्ने बताएका हुन् ।

तर, यातायातविज्ञ भने २० वर्षे सवारी साधन हटाउनुपर्ने निर्णय कडाइका साथ लागू गर्नुपर्ने बताउँछन् । 'मैले पहिलेबाटै भन्दै आएको छु, पुराना सवारीलाई सडकमा हिँड्न पूर्ण बन्दा गर्नुपर्छ, तबमात्रै वातावरण र दुर्घटनाको जोखिममा कमी आउनसक्छ,' यातायाविज्ञ आशिष गजुरेँलले भने । उनले सडक पूर्वाधार, सवारी साधन, सडक प्रयोगकर्ता र दुर्घटना पछिको उद्धारका विषयमा चुस्त नीति बनाएर सरकार अघि बढ्नुपर्ने बताएका हुन् । गत २०७२ चैत्र १ गते सरकारले दुई वर्षभित्र सम्पूर्ण २० बर्ष पुराना सार्वजनिक सवारीसाधन पूर्ण रुपमा प्रतिवन्ध लगाउने घोषणा गरेको थियो । अहिले पनि सडकमा पुराना सवारी निर्वाध गुडिरहेका छन् । पृष्ठ २ मा

# रास्वपाले तोक्यो ७७ वटै जिल्लामा सम्पर्क सांसदको जिम्मेवारी

**काठमाडौं / मस-** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले देशभरका ७७ वटै जिल्लामा आफ्ना सांसदको जिम्मेवारी तोकेको छ। जनताको आवाज संसदसम्म पुऱ्याउनका लागि सांसदलाई जिल्ला सम्पर्कको जिम्मेवारी दिइएको पार्टी सभापति रवि लामिछानेले बताए।

बेथिति, भ्रष्टाचार, विकास योजनाजस्ता समस्या भएमा सांसदलाई सम्पर्क गर्न सकिने र त्यसका लागि अत्यावश्यक अवस्थामा गर्नुपर्ने फोनवाहेक आफ्ना सूचना र सन्देश ह्वाट्सएपमा पठाउन रास्वपाले आग्रह गरेको छ।

रास्वपाले विज्ञप्ति जारी गरी सांसद डोलप्रसाद अर्यालालाई बारा, धादिङ, कञ्चनपुर र कैलाली, विराजभक्त श्रेष्ठलाई गुल्मी, दार्चुला, अछाम र पाल्पा, सन्तोष परियारलाई भक्तपुर, अर्घाखाँची, दैलेख र बाजुरा, निशा डाँगीलाई झापा, मोरङ, इलाम र सल्यान, मनिष झालाई धनुषा, रौतहट, रुपन्देही र बझाङ, गणेश



पराजुलीलाई ओखलढुङ्गा, खोटाङ, सिराहा र डडेलधुरा, सोविता गौतमलाई दोलखा, रामेछाप, सिन्धुपाल्चोक र जाजरकोट, सुमना श्रेष्ठलाई रसुवा, काठमाडौं, रुकुमपूर्व र रुकुमपश्चिम, डा.तोसिमा कार्कीलाई ताप्लेजुङ, पाँचथर, डोटी र ललितपुरको जिम्मेवारी तोकिएको जनाएको छ।

यसैगरी शिशिर खनाललाई रोल्पा, दाङ, सर्लाही र सप्तरी, हरि ढकाललाई सोलुखुम्बु, चितवन, नवलपुर र उदयपुर, डा.स्वर्णिम वाग्लेलाई गोरखा, पर्सा, बैतडी र तनहुँ, डा.चन्दा कार्कीलाई भोजपुर, सिन्धुली, मनाङ र महोत्तरी, असिम साहलाई काभ्रेपलाञ्चोक, नुवाकोट, मुस्ताङ र कपिलवस्तु, लक्ष्मी तिवारीलाई प्युठान, परासी, बर्दिया र बाँके, अशोककुमार चौधरीलाई धनकुटा, तेह्रथुम, संखुवासभा र सुनसरी, शिव नेपालीलाई लमजुङ, म्याग्दी, पर्वत र कास्की, बिनिता कठायतलाई जुम्ला, कालिकोट, मुगु, हुम्ला, सुर्खेत र डोल्पा तथा विन्दवासिनी काडसकारलाई स्याङ्जा, बाग्लुङ र मकवानपुरको जिम्मेवारी तोकिएको छ।

'नीतिगत सुधार र जनसवालका विषयमा हाम्रा सांसदहरूसँग देशभरका सचेत नागरिकले सीधा सम्पर्क गरी आफ्नो आवाज संसदसम्म बुलन्द गर्न, आम आवाजलाई नीतिमा समेट्ने र अब्बल नीति र त्यसको कार्यान्वयनमार्फत मुलुकको अवस्था बदल्नका लागि सांसदहरूलाई विभिन्न जिल्लाको सम्पर्क सांसदको जिम्मेवारी तोकिएको ब्यहोरा सबैलाई विनम्र सूचित गर्दछौं', विज्ञप्तिमा भनिएको छ।

# भूमिहिन दलित तथा सुकुम्बासीलाई जग्गाधनी दर्ता प्रमाण पुर्जा



**विनोद निगम / मध्यान्ह**
नवलपरासी, १४ असार

भूमी व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री रन्जिता श्रेष्ठले भूमी र आवास सबै नागरिकको सवैधानिक अधिकार भएको बताएकी छिन्। संरक्षण अभावमा सार्वजनिक जग्गा र सम्पत्तिको दुरुपयोग बढेको बताउँदै मन्त्री श्रेष्ठले तथ्यांक संकलन गरी त्यस्ता सार्वजनिक सम्पत्तिको संरक्षणका लागि नेपाल सरकारले काम गरिरहेको बताइन्। बर्दघाट नगरपालिकाले बर्दघाट-१३ मा आयोजना गरेको भूमिहिन दलित तथा भूमिहिन सुकुम्बासीलाई पुर्जा वितरण कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले भूमी र आवास सबै नागरिकको सवैधानिक अधिकार भएकाले आयोगमार्फत केही वर्षमै सबै भूमिहिनले पुर्जा प्राप्त गर्नेगरी सरकारले जग्गा व्यवस्थापन कार्य गरिरहेको उल्लेख गरिन्। उनले भनिन्, 'सबै नागरिकको जोत्ने भूमी र बस्ने आवास हुनुपर्छ। जनतालाई भूमिको मालिक बनाउन सरकार प्रतिबद्ध रहेको छ।'

जिल्ला भूमी आयोगका अध्यक्ष देवराज भण्डारीले पुरानो मनसोभा र सत्यनारायण आयोगको समयमा एक हजार ९९६ वटा कित्ताहरूको नापी र फिल्डबुक प्रमाणिकरण गर्ने काम सम्पन्न भएको बताए। कार्यक्रममा पश्चिम नवलपरासीका विभिन्न पालिकाका १० जनालाई जग्गाधनी प्रमाणपत्र वितरण गरिएको छ।

यस्तै बर्दघाट नगरपालिका वडा नम्बर १३ निवासी दुसइ मुसहरलाई ३ कठ्ठा ३ धुर, राम बदन पासीलाई ८ धुर, गुदरी चमारलाई ४ कठ्ठा १० धुर, मोहमद सलिम देवानलाई १ कठ्ठा १० धुर, मटेलु लोनियालाई २ कठ्ठा १६ धुर, राजकुमार मुसहरलाई ६ धुर, बिमला बति मुसहरलाई १८ धुर, शान्तिदेवी मुसहरलाई १० कठ्ठा २ धुर, सुकई चमारलाई १२ कठ्ठा र जुठे कहारलाई ७ कठ्ठा १३ जग्गाको जग्गाधनी दर्ता प्रमाण पुर्जा वितरण गरिएको छ। 'वर्षौंसम्म जोतभोग गरियो। न बैंकमा राख्न मिल्छ न अप्ठ्यारोमा काम लाग्थ्यो। अब पुर्जा पाएपछि सबै काम गर्न सजिलो भयो' पाल्हिनन्दन-३ का सुकइ मुसहरले भनिन्, 'पुर्जा दिएर राज्यले हामीलाई न्याय गऱ्यो।' पाल्हिनन्दन र प्रतापपुर, सरावल गाउँपालिकामा केही दिनमै जग्गा नापजाँच शुरु गरिने भूमी आयोगले जनाएको छ।कार्यक्रममा नवलपरासी क्षेत्र नम्बर १ का सांसद विनोद चौधरी, पूर्व गृह राज्यमन्त्री देवेन्द्र राज कँडेल, प्रदेश सभा सदस्य विश्वप्रेम पाठकलगायतले मन्तव्य राखेका थिए।

# एनआरएनए इटालीद्वारा शैक्षिक सामग्री वितरण

**पुस्तक रेग्मी / मध्यान्ह**
पाँचखाल, १४ असार

इटालीमा रहेका नेपाली बालबालिकाहरुको तर्फबाट नेपालमा शिक्षा र स्वास्थ्यबाट वञ्चित बालबालिकाहरुलाई सहयोग गर्ने उद्देश्यका साथ गैरआवासीय नेपाली संघ इटालीले सञ्चालन गरेको 'बाम्बिनी पर बाम्बिनी' कार्यक्रम अन्तर्गत काभ्रेपलाञ्चोकका जेहेन्दार छात्रछात्राहरुलाई शैक्षिक सामग्री हस्तान्तरण गरिएको छ।

एनआरएनए इटालीका सचिव अशोक उप्रेतीको समन्वयमा 'गुणस्तरिय शिक्षा, समान पहुँचको आवश्यकता' लाई मध्यनजर



गर्दै काभ्रेपलान्चोक भुम्लुतार गाउँपालिका, भुम्लु - ८ स्थित श्री प्रकाश माध्यमिक विद्यालयमा अध्यनरत जेहेन्दार छात्रछात्राहरुलाई छात्रवृत्ति अन्तर्गत शैक्षिक सामग्री वितरण गरिएको हो।

उक्त गाउँपालिका निवासी समाजसेवी रमेश खरेलको उपस्थितिमा विद्यालय प्रधानाध्यापक हरिनारायण शाहमार्फत १२ जना जेहेन्दार विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण गरिएको थियो।

छात्रवृत्ति सहयोगको लागि प्रधानाध्यापक शाहले विद्यालय परिवारकोतर्फबाट एनआरएनए इटालीका अध्यक्ष छविलाल कंडेल लगायत सम्पूर्ण कार्यसमितिलाई विशेष धन्यवाद दिँदै आउँदा दिनहरुमा पनि सहयोगको आशा राखेको बताए।

कार्यक्रमका लागि एनआरएनए इटालीले ५ सय ५० यूरो अर्थात् नेपाल ८० हजार रुपैयाँ सहयोग गरेको थियो। कार्यक्रम संयोजनको लागि सोही गाउँपालिका निवासी समाजसेवी रमेश खरेलका साथै एनआरएनए इटालीका सचिव अशोक उप्रेती लगायत 'बाम्बिनी पर बाम्बिनी' कार्यक्रमका लागि आर्थिक सहयोग गरेका सम्पूर्ण सहयोगी मनहरुमा हार्दिक धन्यवाद व्यक्त गरिएको छ।

# मेलम्चीमा 'लैंगिक समानता र सामाजिक समावेशीकरण' तालिम

**देवराज सुवेदी / मध्यान्ह**
सिन्धुपाल्चोक, १४ असार

मेलम्ची नगरपालिकाको आर्थिक सहयोग र महिला आत्मनिर्भरता केन्द्रको आयोजनामा तीन दिने 'लैङ्गिक समानता र सामाजिक समावेशीकरण' सम्बन्धी तालिम शुरु भएको छ।

बिहीबार मेलम्ची नगरपालिकाका प्रमुख आइतमान तामाङले मेलम्चीमा तालिमको शुभारम्भ गरेका हुन्। १४ गतेदेखि १६ गतेसम्म चल्ने सो तालिममा मेलम्ची नगरपालिका वडा नम्बर ९ का विभिन्न क्षेत्रका २५ जना भन्दा बढी सहभागी रहेका छन्।



तालिमको शुभारम्भ गर्दै नगर प्रमुख तामाङले समाजमा रहेका आम मानिसहरूलाई समान ढंगले हेरिनुपर्ने बताए। उनले समानता, समावेशीकरण र जातीय विभेदले गर्दा हुने विभेद हेपाइ कम गर्न सो तालिमले सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे। उनले तालिममा सिकेका कुरा समाजमा फैलाउन सबै सहभागीलाई आग्रहसमेत गरे। 'सासु, बुहारी आमा छोरीबीच हुने विभेद भै झगडालाई न्यूनीकरण गर्न यहाँहरूले पक्कै पनि भूमिका खेल्नुहुनेछ',नगर प्रमुख तामाङले भने।

प्रमुख तामाङले लैंगिक समानता समावेशीकरणका तालिमका लागि नगर सधैं अग्र भागमा रहेर सहयोग गर्न तयार रहेको बताए।

त्यस्तै कार्यक्रममा वडा नम्बर ९ का वडा अध्यक्ष किरण दीप खड्काले सबैले सबैको सम्मान गर्नुपर्ने बताए। उनले सबैको सम्मानले मात्रै समानता हुने विचार व्यक्त गरे।

महिला आत्मनिर्भरता केन्द्रकी अध्यक्ष संचमाया स्याङ्वो, फोयरमेडका सिनियर प्रोजेक्ट अफिसर, विवेचना सापकोटा, केन्द्रकी पूर्व अध्यक्ष डोल्मा तामाङको समेत उपस्थिति रहेको सो तालिममा आयोजक संस्थाका परियोजना संयोजक मनिषा हाडा प्रशिक्षक दिएकी छिन्।

# 'नि:स्वार्थ भावले दिएको रगतको मूल्य लिनु गलत'

**पवन जायसवाल / मध्यान्ह**
नेपालगन्ज, १४ असार

बाँकेको बैजनाथ गाउँपालिकामा गाउँपालिका स्तरीय नेपाल स्वयंसेवी रक्तदाता समाज उप-शाखा गठन गरिएको छ।

'रक्तदान जीवनदान' भन्ने नाराका साथ देशभर क्रियाशील समाजको उपशाखा बैजनाथमा गठन गरिएको हो।

बैजनाथ गाउँपालिका वडा नं. २ मा बिहीबार भएको स्थानीयवासीहरुको भेलाले सुरेन्द्र वि.क.को अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति गठन गरिएको छ।

उक्त समितिको उपाध्यक्षमा दिपक कार्की, सचिवमा सोनु सिंह वि.क., कोषाध्यक्षमा उषा थापा मगर र सहसचिवमा हेमन्त ओली चयन भएका छन्।

यस्तै सदस्यहरुमा सपना ओली, बीर बहादुर थारु, सन्दीप खप्तडी, कृष्ण सिंह ठकुरी, सिताराम खत्री रहेका छन्।

त्यसैगरी सल्लाहकारहरुमा बैजनाथ गाउँपालिका वडा नं. २ का वडा अध्यक्ष राजु रुचाल ठकुरी, जिल्ला सहकारी संघ, बाँकेका अध्यक्ष प्रेम प्रसाद सुवेदी, शेर बहादुर बस्नेत, अगन मल्ल, यज्ञ पुन, एकता शाह,भूमिसरा थापा, सितादेवी विश्वकर्मा र भूपाल शर्मा चयन भएका छन्।

सो अवसरमा नेपाल स्वयंसेवी रक्तदाता समाजका केन्द्रीय सदस्य



गोविन्द वाग्लेले समाजले रगतको अभावमा कसैले जीवन गुमाउन नपरोस् भनेर देशभर रक्तदान अभियानलाई बृहत बनाउन शुरु गरिएको बताए।

विगत १८ वर्षदेखि त्रैमासिक रक्तदान कार्यक्रम सञ्चालन गर्दै आएको जनमत अर्द्धसाप्ताहिकका सम्पादक तथा समाजका सल्लाहकार पूर्ण लाल चुकेले हाम्रो एक पिन्ट रगतले कसैको ज्यान बच्छ र नयाँ जीवन पाउँछ भने रक्तदानको यो महान अभियानमा सबैले हातेमालो गर्न जोड दिए।

सल्लाहकार चुकेले रक्तदान सबभन्दा ठूलो मानवीय सेवा र दान रहेको भन्दै यो भन्दा ठूलो सेवा अरु केही हुन नसक्ने भन्दै रक्तदानको महान अभियानमा गाउँगाउँका युवा रक्तदाताहरुले योगदान दिनुपर्ने बताए।

उनले बैजनाथ गाउँपालिकाका रगतको आवश्यकता परेका बासिन्दालाई रेडक्रसलाई बुझाउनुपर्ने दस्तुर उपलब्ध गराउन बजेट विनियोजन गर्न आग्रह गर्दै स्वयंसेवीहरुले नि:स्वार्थ भावले दिएको रगतको मूल्य कसैले पनि लिन नहुने बताए।

वडा नं. २ का अध्यक्ष राजु रुचाल ठकुरीले निर्वाचित पदाधिकारीहरुलाई बधाई दिँदै यस गाउँपालिकामा दुई वर्ष अघि नेकपा एमाले निकट राष्ट्रिय युवा संघ नेपालको आयोजनामा सम्पन्न बृहत रक्तदान कार्यक्रममा ३ सय ४५ जनाले रक्तदान गरेर नेपालमै अहिलेसम्मको नयाँ कीर्तिमान कायम गरेको स्मरण गराए। उनले अब बैजनाथ गाउँपालिकामै नेपाल स्वयंसेवी रक्तदाता समाज उप-शाखा गठन गरेर अभियानमा पुस्तान्तरण भएको र रक्तदान अभियानलाई निरन्तरता हुने विश्वास गर्दै वडा कार्यालयबाट पनि सहयोगको प्रतिबद्धता व्यक्त गरे।

समाजका कोषाध्यक्ष मनमोहन वर्माले सञ्चालन गरेको उक्त भेलामा नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई समाजका केन्द्रीय सदस्य गोविन्द वाग्ले र सल्लाहकार चुकेले अबिर लगाएर बधाई तथा सफल कार्यकालको शुभकामना दिएका थिए।

वडा नं. २ का अध्यक्ष राजु रुचाल ठकुरी र समाजका सदस्य होमराज गिरीको समन्वय र सक्रियतामा सम्पन्न उक्त भेलाको समापनमा समाजका उपशाखाका नवनिर्वाचित अध्यक्ष सुरेन्द्र वि.क.ले रक्तदान अभियानलाई निरन्तरता दिने प्रतिबद्धता जनाए।

समाजका सदस्य तथा नेपाल रेडक्रस सोसाइटी, प्रदेशिक रक्त सञ्चार केन्द्रका वरिष्ठ प्राविधिक होमराज गिरीले ४० वर्ष उमेर पुगेका र ४५ के.जी. तौल भएका कुनै पनि युवाले रक्तदान गर्न सक्ने बताउँदै हरेक तीन महिनामा शरिरमा नयाँ रक्त कोशिका तयार हुने हुँदा हरेक तीन महिनामा रक्तदान गरेमा स्वास्थ्यमा कुनै नकारात्मक असर नपर्ने बताए।

कोषाध्यक्ष मनमोहन वर्माले अध्यक्ष सुरेन्द्र वि.क.लाई माइन्यूट बुक, सदस्यता रसिद र आजीवन सदस्यताको दरखास्त फाराम हस्तान्तरण गरेका थिए। बाँके जिल्लामा खजुरा गाउँपालिका, जानकी गाउँपालिका र राप्तीसोनारीमा यसअघि नै पालिका स्तरीय उपशाखा गठन भइसकेको छ भने अन्य बाँकी रहेका बाँकेका गाउँपालिकामा पनि क्रमिक रुपमा उपशाखा गठन गर्ने योजना रहेको समाजका अध्यक्ष दिला शाहले जानकारी दिइन्।

**डेंगुको...**

कास्कीमा ६६, सुनसरीमा ४९, म्याग्दीमा ३८, काठमाडौंमा ४३, भक्तपुरमा ३३ र ललितपुरमा १२ जना बिरामी छन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पनि सूचना निकालेर डेंगुको संक्रमणबाट बच्नका लागि लामखुट्टेको टोकाइबाट बच्नुपर्ने भन्दै सधैं भुल टाँगेर मात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएका लुगा लगाउन, घरको भ्याल ढोकामा जाली हाल्न भनेको छ। लामखुट्टे भगाउने धूप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपंक्षी व्यवस्थित ढंगले पाल्न र घरवरिपरि गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिन सुझाव दिइएको छ।

**मध्यावधिको...**

पनि नचुकेको भन्दै उनले आफूलाई विश्वासको मत मत नदिए नदिनेहरुप्रति नै अविश्वास पैदा हुने ताए।

'तपाईंहरुले यो सरकारलाई विश्वासको मत दिनै पर्छ, कि एजेण्डा गलत छ, काम गर्न सकेको छैन भन्नुपऱ्यो' उनले भने, 'सबैथोक ठीक छ, विश्वासको मत दिन सकिन भन्ने हो भने तपाईंहरुप्रति अविश्वास बढ्छ।'

प्रदेश संरचनालाई मुखै देखाउन नसक्ने गरी बदनाम गर्ने प्रयास गरिएको भन्दै मुख्यमन्त्री कार्कीले त्यसप्रति विचार गर्न विपक्षी दलहरुलाई आग्रह गरे।

उनले आफ्नो सरकार सफल भएको बताए। सरकार ठिक ठाउमा रहेको र ठिक ढंगले अघि बढ्न सक्ने बताए। ४० सिट भएको आफ्नो दलले २ मन्त्री लिएर सरकार चलाउदा कुनै विवाद र समस्या नभएपनि साना दलमा विवाद देखिएको उनले बताए।

**अन्योलमा...**

दलको समर्थनमा बहुमत प्राप्त गर्नसक्ने प्रदेशसभा सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्न सक्ने व्यवस्था छ।

यो व्यवस्था अनुसार नयाँ सरकार गठनको दाबी गर्न पाँचदलीय गठबन्धनसँग पनि बहुमत छैन। कांग्रेसका २९, माओवादी केन्द्रका १३, एकीकृत समाजवादीका ४ र जसपाका एक प्रदेशसभा सदस्य छन्। तर माओवादीबाट निर्वाचित बाबुराम गौतम सभामुख भएकाले उनको नाम समेत समावेश गरेर सरकार गठनका लागि बहुमत दावी गर्न मिल्ने वा नमिल्ने विवाद छ।

**एक...**

काकीले जसपा नेता जयराम यादव र सांसद निर्मला लिम्बुलाई मन्त्री बन्न प्रस्ताव गरेका हुन्।

सांसद निर्मला लिम्बु भने कार्की नेतृत्वको सरकारलाई मत दिने पक्षमा छैनन्। यसअघि मन्त्री हुँदा आफ्नो अपमान गरेको र प्रदेश नामकरणमा बाइपास गरेको जस्ता कारणले उनी रूष्ट रहेको नेताहरू बताउँछन्। आन्तरिक विवादकै कारण जसपाले तटस्थ बस्ने मध्यमार्गी बाटो समातेको हो।

**जसपा...**

सो दलकी एकमात्र प्रदेशसभा सदस्य निर्मला लिम्बुलाई बोल्ने समय दिएका थिए, तर उनले आफूले नबोल्ने बताइन्।

जसपाले मुख्यमन्त्रीलाई विश्वासको मत नदिने र प्रतिपक्षमा पनि मतदान नगर्ने भन्दै तटस्थ बस्ने निर्णय गरेको छ।

**कांग्रेसले...**

प्रस्तावमा धारणा राख्दै उनले विश्वासको मत पाउँछु भन्नेमा ढुक्क भएको र त्यस्तो वातावरण बनाएको भए मात्र विश्वासको मत लिन आग्रह गरेका हुन्।

'विश्वासको मत पाउछु भन्ने विश्वास छ र त्यस्तो वातावरण बनाउनुभएको छ भने विश्वासको मतमा जाऔं', उनले भने, 'त्यो अवस्था छैन भने राजीनामा दिएर भोलि बन्ने सरकारका लागि मार्ग प्रशस्त गर्दा तपाईंका लागि राम्रो हुन्छ।'

नेता थापाले एमाले नेतृत्वको प्रदेश सरकारले काम गर्न नसकेको बताए। प्रतिपक्षले सहयोग गर्दागर्दै सरकार भागेको बताउँदै उनले परिस्थिति अर्को ढंगबाट अघि बढेको बताउँदै विश्वास तोड्ने काम मुख्यमन्त्रीबाट नै भएको दाबी गरे।

**ओलीले ...**

दलका नेता समेत रहेका मुख्यमन्त्री कार्कीसँग सम्वाद गरेका थिए। त्यसक्रममा कोशी प्रदेशको नामकरणलाई लिएर भइरहेको आन्दोलनलाई समेत सम्बोधन गर्ने गरी सरकारमा सहमति खोज्न सकिने कांग्रेस नेताहरुले बताएका थिए। तर एमालेले यस विषयमा थप सम्वाद गरेन।

एकै पटक विश्वासको मत लिने दिन ओलीले फोन गरेर मिलेर जाऊँ भन्दा देउवाले हुन्छ वा हुन्न नभनेको नेताहरु बताउँछन्।

**मस्कटमा...**

खड्काले उद्घाटन गरेका थिए। सम्मेलनको दोस्रो दिन बिहीबार भएको समूहगत छलफलमा सहभागीले नेपालमा विगत लामो समयदेखि समस्याको रूपमा रहेको फ्रि भिसा, फ्रि टिकट, सेवा शुल्क परिमार्जन, महिला घरेलु कामदारको श्रम स्वीकृति समस्या समाधान र इराकलगायतका देशमा रहेको प्रतिवन्ध खुला गरिनुपर्ने धारणा राखे।

सम्मेलनको दोस्रो दिन सम्मेलनका विशेष अतिथि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी, पूर्वउपप्रधानमन्त्री एवम् सांसद रघुवीर महासेठ, पूर्वश्रममन्त्री कृष्ण कुमार श्रेष्ठ 'किसान'लगायत प्रमुख वक्ता रहेको कार्यक्रममा सहभागीहरूले वैदेशिक रोजगारबारे नेपाल सरकारको अस्थिर नीतिले कामदार समस्यामा परेको गुनासो राखेका थिए।

जवाफमा श्रममन्त्री भण्डारीले सम्मेलनमा भाग लिन आउनु अगाडि आफूले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भेटेर उनको पनि सुभेच्छा लिएर आएको भन्दै विभिन्न पुगेपछि खाडीमा कार्यरत नेपालीका समस्याहरूलाई उच्च प्राथमिकतामा राखेर समाधान गर्ने बताए।

मन्त्री भण्डारीले सरकार वैदेशिक रोजगारका समस्या समाधानका पक्षमा प्रतिबद्ध रहेको भन्दै श्रम मन्त्रालय नेपालले दौत्य सम्बन्ध रहेका सबै मुलुकलाई खुला गर्नुपर्ने पक्षमा रहेको बताए। उनले विगतमा जोखिमयुक्त भनेर प्रतिबन्ध लगाइएका इराक, अफगानिस्तान र कीर्गिस्तानजस्ता आकर्षक तलब हुने मुलुक खुला गर्ने पक्षमा मन्त्रालय रहेको बताए। नेपाली कामदारको ब्राण्डिङ गरी उनीहरूलाई खाडी र मलेसियाबाट युरोपेली मुलुकमा स्थानान्तरण गर्ने सोचमा आफू रहेको पनि मन्त्री भण्डारीले उल्लेख गरे।

त्यसैगरी पूर्वश्रममन्त्री श्रेष्ठले आफ्नो कार्यकालमा वैदेशिक रोजगारका क्षेत्रमा उल्लेख्य सुधार भएको बताए। उनले आफ्नो कार्यकालमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको श्रम डेस्क हटाउने, वैदेशिक रोजगार प्रशासनलाई प्रविधिमैत्री बनाउँदै सम्पूर्ण सेवाहरू अनलाइन प्रणालीमा लैजाने, पुन: श्रम स्वीकृतिको प्रक्रिया स्थानीय तह र विदेशस्थित नियोगबाट दिनेलगायतका धेरै काम भएको बताए।

पूर्वमन्त्री श्रेष्ठले पनि आफ्नो कार्यकालमा फ्रि भिसा, फ्रि टिकट, सेवा शुल्क परिमार्जनजस्ता विषयमा गहन गृहकार्य गरिएको भन्दै नेपालका छिमेकी मुलुकहरूको अभ्यासलाई समेत ध्यान दिएर नीतिहरू परिवर्तन गरिनुपर्ने उल्लेख गरे।

बिहीबारको छलफलमा एनआरएनए खाडी मुलुक अन्तर्गत सातवटा देशका संयोजकहरूले आ-आफ्नो देशगत प्रतिवेदन प्रस्तुत गरे। उनीहरूले कामदारका समस्या तथा मृतक कामदारको शव नेपाल पठाउने विषयमा रहेको समस्या, घरेलु कामदारका समस्या र नेपाल सरकारको नीतिमा रहेका त्रुटि औंल्याएका छन्।

सम्मेलनमा मध्यपूर्वमा कार्यरत नेपालीहरुले स्थानीय भाषा, कानूनी ज्ञानको कमी तथा सूचना अभावलगायत विविध कारणले जेलजीवन बिताउनु परेको र काम गर्ने क्रममा गम्भीर दुर्घटनामा परी अंगभंग भएका श्रमिकका समस्या निराकरणका विषय पनि गम्भीरताका साथ उठेको छ।

वैदेशिक रोजगारीमा जाने नेपालीको जनचेतना वृद्धि र विदेशमा सिकेका ज्ञान तथा सीपलाई मातृभूमिमा कसरी उपयोग गर्न सकिन्छ भन्ने विषयमा पनि सम्मेलनमा छलफल भएको छ।

छलफलमा वैदेशिक रोजगार विभागका महानिर्देशक मदन दाहाल, कार्यकारी निर्देशक डा. द्वारिका उप्रेती, श्रम मन्त्रालयका सहसचिव रामचन्द्र ढकाल, सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवाली, निर्देशक कृष्ण अधिकारी, मन्त्रालयका सल्लाहकार डा आभासकुमार लाभलगायतको सहभागिता रहेको थियो।

सम्मेलनमा बहराइनका लागि नेपाली राजदूत तिर्थराज वाग्ले, साउदीका लागि नेपाली राजदूत नवराज सुवेदी, कतारका लागि नेपाली राजदूत डा. नरेश बिक्रम ढकाल, ओमानका लागि नेपाली राजदूत डोरनाथ अर्याल तथा अन्य सरोकारवाला निकायका पदाधिकारी सहभागी छन्।

यस्तै सम्मेलनमा गैरआवासीय नेपाली संघका अध्यक्ष, पूर्वअध्यक्ष, संरक्षक, पदाधिकारी, सदस्यलगायत विभिन्न मुलुकका एनसीसीका प्रतिनिधि, एनआरएनएका अभियन्ता तथा सञ्चारकर्मीलगायतको पनि सहभागिता रहेको छ।

समूहगत रूपमा भएका छलफलमा सम्मानित र सुरक्षित वैदेशिक रोजगार, वैदेशिक रोजगारमा रहेका नेपालीको मतदानको अधिकार, रेमिट्यान्सको उपयोग र हन्ड्रेड मिलियन डलर परियोजना, सामाजिक सुरक्षा : टाढा कि नजिक, नेपालको पर्यटन विकासमा मध्यपूर्वको भूमिका, एनआरएनए अभियानमा महिलाको भूमिकालगायतका विषय प्रमुख एजेन्डा हुन्।

त्यसैगरी विदेशस्थित नेपाली नियोगमार्फत विदेशमा श्रम स्वीकृति एवम् अनुगमनको व्यवस्था, श्रम स्वीकृति कार्यान्वयन, श्रम सीप बैंकको स्थापना, कामदार र सरकारी निकायबीच समन्वय, वैदेशिक रोजगारीमा गएकाको लागि सञ्चयकोषको व्यवस्था गर्न सहभागीले नेपाल सरकारको ध्यानाकर्षण गराएका छन्। मस्कट घोषणापत्र जारी गर्दै सम्मेलन शुक्रबार सम्पन्न हुने छ।

**अझै ..**

पटकपटक आन्दोलित व्यवसायी

सरकारले आफैंले गरेको २० वर्षे सवारी हटाउने मापदण्डलाई पूरा गर्न नसक्दा यातायात व्यवसायीले थप चलखेल गर्ने मौका पाएका छन्। विहिवार मात्रै कलंकी-बालाजु क्षेत्रमा ट्याक्सी, ट्रक र ट्यांकर चालकहरुले प्रदर्शन गरेका हुन्। २० वर्षे पुराना गाडी हटाउने सरकारको निर्णय खारेज हुनुपर्ने, पार्किङ स्थायण्ड हुनुपर्ने, निजी सवारी साधनले भाडाका सवारी साधनले जस्तो सेवा दिन नपाउनुपर्ने, लगायत माग राख्दै प्रदर्शन गरेका हुन्। यसअघि पनि यातायात व्यवसायीले बीस वर्षे सवारी साधन हटाउन खोजे यातायात ठप्प पार्ने चेतावनी दिँदै आएका छन्। साथै उनीहरुले सरकारको निर्णयविरुद्ध गएर धेरै पुराना सवारीसाधन सडकमा निर्वाध सञ्चालन गरिरहेका छन्। तरपनि, सरकारी संयन्त्रले बीस वर्षे सवार ीसाधनलाई कडाइका साथ हटाउन पहलकदमी लिएके देखिँदैन।

# आत्मनिर्भर महिलामध्येकी एक उदाहरण रञ्जु

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १४ असार



एक दशकदेखि ब्युटीसियनको काम गर्दै आइरहेकी रञ्जु श्रेष्ठ उमेरल ३० कटिन् । कीर्तिपुर नगरपालिका- ५ मा उनको पार्लर छ। हँसिलो अनुहार भएकी उनी संघर्षका विविध कालखण्ड पार गरेर अहिले एउटा कुशल ब्युटीसियनको नामले चिनिन्छिन् ।

उनले स्कुले शिक्षाको त त्यति अनुभव लिन पाइनन्, तर यो आधुनिक समाजमा चाहिने हरेक ज्ञान उनीसँग छ। १४ वर्षको कलिलो उमेरमै विवाह बन्धनमा बाँधिएका कारण पढाइ छुटेको रञ्जु बताउँछिन्। काभ्रेको एउटा गाउँमा आफ्ना ९ जना दिदी, दाइ, बहिनीसँग बाल्यकाल बिताएकी रञ्जुका अहिले एउटी छोरी र एउटा छोरा छन्। उनका श्रीमान भने १९ वर्षदेखि वैदेशिक रोजगारमा छन्।

इच्छाशक्तिले देखाएको बाटो

रञ्जुमा ब्युटीसियन बन्ने इच्छा सानैदेखि थियो । सानै उमेरमा विवाह गरेपछि उनले आफ्नो सपना टुटेको महसुस गरेकी थिइन् । त्यसैमाथि उनले मेकअप गरेको उनका श्रीमानलाई समेत मन पर्दैन थियो। विवाहको एक वर्षपश्चात् छोरी जन्मेको उनी बताउँछिन् । छोरी जन्मिएपछि श्रीमानसँगै उनी काठमाडौं आइन् । घरमा सासु, ससुरा, नन्दहरु र देवर थिए । 'घरको स्थिति त्यति सहज थिएन, त्यसैले काम गर्न भनेर काठमाडौं आएँ', उनले भनिन्। काठमाडौं आएपछि उनलाई एउटा हास्टेलमा सहयोगीको रुपमा काम लगाएर उनका श्रीमान विदेश गए ।

विस्तारै छोरी ठूली हुँदै गर्दा छोरीलाई स्कुलमा भर्ना गरिन् । छोरीको पढाइ खर्चसहित ६ हजार पारिश्रमिक पाउने गरेको उनी सम्झिन्छिन् । यी सबका बाबजुद उनको मनमा ब्युटीसियन बन्ने रहर भने मरेको थिएन । होस्टेलमा लामो समय काम गरेपछि उनी कीर्तिपुर बसाइँ सरिन् । श्रीमानको कमाइ राम्रै हुन थालेकाले रञ्जुलाई सिलाइ-कटाइ सिक्न लगाइयो। सिलाइ-कटाइमा उनले डिप्लोमा गरिन् । डिप्लोमा गरेर पनि त्यसतर्फ उनको ध्यान गएन। श्रीमानलाई नसोधि उनले पार्लर सिक्ने निर्णय गरिन्।

बिहान नौ बजे छोरीलाई स्कुल पठाएर १० बजेदेखि ३ बजेसम्म कीर्तिपुरको नयाँ बजारस्थित एउटा पार्लरमा जान थालिन्। दृढ इच्छाशक्तिले नै होला उनले मेकअपको आधारभूत ज्ञान एक हप्तामै सिकिन् । विस्तारै उनी त्यसै पार्लरमा सिक्दै काम गर्न थालिन् ।

साथले पाएको सफलता

पार्लर सिकेको थाहा पाएपछि उनका श्रीमानले उनलाई हौसला थपे। श्रीमतीको रहर र सपनालाई बुझेर बिदामा घर फर्केका बेला उनले पाँगाको जनसेवा माविअगाडि एउटा पसल खोलिदिए । पसलमा चाहिने सबै समानको किनमेल गरेर रञ्जुका श्रीमान वैदेशिक रोजगारमै फर्किए। श्रीमानको त्यो साथ पाएर उनले आफ्नो सपना सार्थक भएको ठानिन्। उनमा पार्लरप्रतिको मोह त थियो नै श्रीमानको साथले उनमा नयाँ जोस पनि थपिदियो ।


पार्लर शुरु गरेको पहिलो दिनमै उनलाई नसोचेको उपलब्धि भयो। उसो त उनले आफन्त र थोरै साथीहरुलाई पसलको उद्घाटनमा सरिक हुन बोलाएकी थिइन् । तर उनको सुशील व्यावहारले धेरैलाई तान्यो । चिन्ने जति सबै आएर पहिलो दिनमै दुई लाख कमाइन् रञ्जुले । यो उनको कामको कमाइ मात्र नभइ जीवनकै ठूलो कमाइ थियो । जसमा उनी कहिल्यै पछि हटेकी थिइनन्। परिवारकी जेठी बुहारी भएका कारण पनि परिवारको जिम्मेवारीले उनलाई झकझक्याइ रहन्थ्यो । त्यतिबेलासम्म उनकी छोरी पनि पाँच कक्षा पढ्ने भइसकेकी थिइन् । त्यसैले उनले आफ्नो धेरै समय कामलाई दिन सहज भयो । श्रीमानले बेला-बेला पार्लरका लागि चाहिने समान उनलाई नभनी पठाइ दिन्थे। त्यसले रञ्जु अझै उत्साहित हुन्थिन् । समयक्रमसँगै उनले दोस्रो सन्तानको रुपमा छोरालाई जन्म दिइन् ।

यसरी श्रीमानसँगै परिवारको साथले पार्लरमै दश वर्ष बिताइसकेकी छिन् उनले। अहिले काठमाडौंकै घरबेटी भएर छोरीलाई नर्सिङ र छोरालाई ७ कक्षामा पढाउँदै छिन्। विविध समस्याले छुटेको आफ्नो पढाइलाई निरन्तरता दिने इच्छा जागेपछि उनले गत वर्ष कक्षा ९ को परीक्षा दिइन् र पास पनि भइन्। यसपालि कक्षा १० को परीक्षा दिने तयारीमा उनी छिन्। पार्लरमा मेकअप गर्न चाहिने समानको नाम अंग्रजीमा हुने हुँदा पढ्न नआएका कारण अंग्रजी भाषाको कक्षा पनि उनले लिइसकेकी छिन् । आधुनिक समाजसँगै चल्न उनले बेसिक कम्प्युटर कोर्स पनि गरिसकेकी छिन् । कामसँगै शिक्षालाई पूर्णता दिन १२ कक्षासम्म पढ्ने रञ्जु बताउँछिन् ।

आफ्नो अगाडि फरक-फरक बाटो आएपनि उनले आफूले चाहेको बाटो रोजिन् र आज एक सफल ब्युटीसियन बनेकी छिन् । उनी सपना देख्ने हरेक महिलालाई आफूले देखेको सपनालाई नमार्न सुझाउँछिन्। इच्छासँगै उपाय हुने उनको विश्वास छ । आत्मविश्वासलाई पछ्याएर आफ्नो सपनाको लागि लडे एक दिन जित हुने रञ्जुको भनाइ छ । हाल कीर्तिपुरमै रञ्जु ब्युटीपार्लरका नामले पाँच शाखा खुलिसकेको उनले बताइन् । अझै मिहेनत गरेर असहाय महिलालाई निःशुल्क पार्लर सिकाएर आत्मनिर्भर बनाउने उनको चाहना छ ।

# त्रिपुराकोटमा रहेको टेलिकमको टावर सञ्चालन

**पुर्ण सार्की/मध्यान्ह**
डोल्पा, १४ असार



डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकामा रहेको नमस्ते सेवाको फोर.जी टावर सञ्चालनमा आएको छ । लामोसमय देखि निर्माणाधीन नेपाल टेलिकमको टावर बिहीबारदेखि सञ्चालनमा आएको नगरपालिकाका नगर प्रमुख जनचन्द्र रोकायले जानकारी दिए।

अहिले फोन सेवामात्र सुचारु भएको र शुक्रबारभित्र फोर.जि इन्टरनेट सेवा सुचारु हुने उनको भनाइ छ । टावर सञ्चालनका लागि निरन्तर ताकेता गरेपछि बल्ल सञ्चालनमा आएको नगरप्रमुख रोकायले बताए । उक्त टावर स्थापना कर्णाली प्रदेश सभा सदस्य तथा पूर्व उद्योग पर्यटन वन तथा वातावरण मन्त्री बीरबहादुर शाहीको पहलमा भएको हो। आफ्नो निर्वाचन क्षेत्र त्यसमा पनि नगर क्षेत्रमानै फोन सेवाको असुविधा भएपछि केन्द्रमा निरन्तर पहल गरेर नगरपालिकाको त्रिपुराकोट र दापुमा टावर स्थापना गर्न सफल भएको सांसद शाहीले बताए । त्रिपुराकोटमा रहेको टावर सञ्चालनमा आएपनि दापुमा रहेको टावर भने सञ्चालनमा आउन सकेको छैन् । यता नेपाल टेलिकम बबरमहल कार्यालयका उपप्रबन्धक प्रेम क्षेत्रीका अनुसार फोर.जि सेवा सञ्चालन गर्न आवश्यक केबल तार नपुगेकै कारण बिहीबार इन्टरनेट सेवा सञ्चालनमा आउन नसकेको र शुक्रबार जहाजबाट पुऱ्याएर इन्टरनेट सेवा सञ्चालनमा आउने छ । यस लगत्तै अर्को दापुमा रहेको टावर सञ्चालनमा लाग्नुपर्ने उपप्रबन्धक क्षेत्रीको भनाइ छ ।

रौतहट डायरी
**प्रेमचन्द्र झा/मध्यान्ह**

# पाठेघरको मुखको क्यान्सर पहिचानका लागि जाँच शिविर



गढीमाई नगरपालिकामा प्रजनन स्वास्थ्य रुगणताअन्तर्गत पाठेघरको मुखको क्यान्सर तथा आङ खस्ने समस्या पहिचानका लागि जाँच शिविर सम्पन्न भएको छ । गढीमाई नगरपालिकाअन्तर्गतको गम्हरिया पर्सा स्वास्थ्य चौकीमा ती दिनसम्म सञ्चालन भएको शिविरबाट २ सय ६ जना सेवाग्राहीहरु लभान्वित भएका छन् । सो शिविरमा आङ खस्ने २८ जना र पाठेघरको मुखको क्यान्सर सम्भावित तीन जनाको स्क्रिनिङ गरिएको प्रादेशिक अस्पताल गौरकी डा. प्रिती झाले बताइन् ।

आङ खस्ने समस्या भएकी सम्पूर्णलाई रिङ पेसरी लगाइएको छ भने पाठेघरको मुखको क्यान्सर सम्भावित भएकाहरुलाई प्रादेशिक अस्पताल गौरमा रिफर गरिएको डा. झाले बताइन् ।

सो शिविरमा डा.झा, नर्स आशा सहनी, गम्हरिया पर्सा स्वास्थ्य चौकी स्वास्थ्यकर्मी सन्जित जैक्स, राम यादव, रिकी ठाकुर, समनपुर स्वास्थ्य चौकीका अनमी रेखा मगर र महिला स्वास्थ्य स्वयंसेविकाको सहभागिता रहेको थियो ।

पाठेघरको मुखको क्यान्सर तथा आङ खस्ने समस्या पहिचानका लागि जाँच शिविर कार्यक्रमको उद्घाटन गढीमाई नगरपालिकाका नगर प्रमुख श्यामप्रसाद यादवले गरेका थिए। सो अवसरमा नगर उपप्रमुख स्मिता यादव, वडा नम्बर ३ का वडा अध्यक्ष शेख एकरामुलको उपस्थिति रहेको थियो ।

# न्याय माग्दै चन्द्रनिगाहपुरमा विरोध प्रदर्शन




रौतहट चन्द्रपुरका स्थानीयले मृतक परिवारले न्याय नपाएको भन्दै विरोध प्रदर्शन गरेका छन् । सात महिना अघि भएको सवारी दुर्घटनामा चन्द्रपुर-४ स्थित चन्द्रनिगाहपुरमा १० वर्षीय बालक सम्राट तिमिल्सिनाको ज्यान गएको थियो ।

गत मंसिर ३ गते छिमेकी रमेश घिमिरेले चलाएको मोटरसाइकलले घर नजिकैको सडकमा ठक्कर दिँदा ती बालकको घटनास्थलमै मृत्यु भएको थियो ।

मृतक परिवार, छरछिमेक तथा मावली र आफन्तले बिहीबार न्याय दिनुपर्ने निकायले मुद्दामा विपक्षीलाई उन्मुक्ति दिएको भन्दै कप्तानटोलदेखि इलाका प्रशासन कार्यालय हुँदै चन्द्रनिगाहपुरमा बृहत् ऱ्यालीसहित विरोध प्रदर्शन गरेका हुन् ।

जिल्ला अदालत रौतहटमा सन्तोष तिमिल्सिनाले गत मंसिर २९ गते रमेश घिमिरेलाई प्रतिवादी बनाइ सवारी ज्यान मुद्दा दर्ता गरेका थिए । सो मुद्दामाथि जिल्ला अदालतले गएको जेठ ३० गते फैसला गरेको हो । जिल्ला न्यायाधीश गेहेन्द्रराज पन्तको इजलासले आंशिक अभियोग दाबी पुग्ने भन्दै फैसला सुनाएको हो । प्रतिवादी घिमिरे ६ महिना जेल सजाय बसेर दुई हजार रुपैयाँ जरिवाना बुझाएर थुनामुक्त भएका थिइए ।

# कर्मचारी कुटपिट गरेको आरोपमा वकिल पक्राउ

**काठमाडौं/मस-** प्रहरीले ललितपुर जिल्ला अदालतका कर्मचारीलाई कुटपिट गरेको आरोपमा एकजना वकिललाई पक्राउ गरेको छ ।

अदालतकी महिला कर्मचारीले आफूलाई कुटपिट तथा अभद्र व्यवहार गरेको भनेर जाहेरी दिएपछि वकिल अमिर लामिछानेलाई पक्राउ गरिएको ललितपुरका प्रहरी उपरीक्षक नवराज कार्कीले बताए । अदालतको मिसिल नदिएको भन्दै उनले कुटपिट गरेको आरोप लागेको प्रहरीले जनाएको छ। फोटोकपी लिएर जान अनुरोध गर्दा पनि नमानेको बताइएको छ।

उनीविरुद्ध अभद्र व्यवहार कसुरमा मुद्दा अघि बढाउने प्रहरीले जनाएको छ। बिहीबार सार्वजनकि बिदा भएकाले भोलिमात्रै म्याद थप हुने कार्कीले बताए ।

# भन्सार छली गरी ल्याइएको तीन लाख बढीको सामान नियन्त्रणमा

**मध्यान्ह संवाददाता**
नवलपरासी, १४ असार



नेपाल भारत सीमाको भैरहवा भन्सार कार्यालयले सर्वसाधारणले भारतबाट ल्याउने हरेक १ सय रुपैयाँ बढीको सामानको भन्सार तिर्न अनिवार्य गरेपनि अन्य नाकाहरुबाट अवैध सामान भित्रिने क्रम भने रोकिएको छैन। भन्सारको मूल ढोमा कडाइ गरेपनि अन्य सीमा नाकाको बेवास्ता गरेपछि हरेक दिन लाखौंको सामान बिना भन्सार भित्रिने गरेको छ ।

त्यसरी भारतबाट भन्सार छलेर ल्याइएका सामान प्रहरीले बरामद गर्ने गरेको छ। अधिकांश सामान भन्सार कडा गर्नुपर्ने माग गर्ने व्यवसायीले नै किनिदिने गरेका छन् ।

बिहीबार बिहान पश्चिम नवलपरासीको रामग्राम नगरपालिका वडा नं ६ स्थित पोखरापालीबाट अवैधरुपमा भन्सार छली गरेर भारतबाट नेपालतर्फ ल्याउँदै गरेको विभिन्न सामान जिल्ला प्रहरी कार्यालयबाट प्र.स.नि. मान बहादुर खत्रीको कमाण्डमा खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको छ ।

प्रहरी टोलीलाई देखेर मोटरसाइकलसहित सामान छोडेर सामान ल्याउने व्यक्तिहरु भने फरार भएका छन् । तस्करले छोडेको मोटरसाइकलसहित सामान नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय परासीमा राखिएको कार्यालयका सूचना अधिकारी भोजराज पाण्डेयले बताए । प्रहरीले हुक्का फ्लेबर १ सय १९ थान अन्दाजी मूल्य ३ लाख २१ हजार ३ सय, काजुलगायत किराना सामान अन्दाजी मूल्य २० हजार ८ सय, लु ८१ प १६५६ नम्बरको मोटरसाइकल, युपि ५६ ई १३२९ र युपि ५६ एक्स ७३७० नम्बरको मोटरसाइकलको अन्दाजी मूल्य ४५ हजार गरी जम्मा तीन लाख ८७ हजार १ सय रुपैयाँ बराबरको सामान बरामद गरेको छ ।

हुम्ला डायरी
**ओबराज शाही/मध्यान्ह**

# एम्बुलेन्स सेवा सुचारु भएसँगै सहज



एम्बुलेन्स सेवा सुचारु भएसँगै हुम्लाको खार्पुनाथ गाउँपालिकाका बिरामीलाई सहज भएको छ। एम्बुलेन्स नहुँदा बिरामीलाई जिल्ला अस्पताल पुऱ्याउन समस्या हुँदै आएको थियो । कर्णाली प्रदेशका पूर्व मुख्यमन्त्री जीवन बहादुर शाहीका प्रेस सल्लाकार जनक बहादुर शाहीले गाउँपालिकाको समस्या देखाउँदै भारतीय दूतावाससँग एम्बुलेन्सको माग गरेका थिए । उनैको पहलमा भरतीय दूतावासले एम्बुलेन्स दिएको हो।

एम्बुलेन्स सुचारु भएपछि बिरामीका लागि निकै राहत मिलेको स्थानीयले बताएका छन्। एम्बुलेन्स सेवा सुचारु भएलगत्तै गाउँपालिकाका सुत्केरी बाहेक अन्य बिरामीलाई ६० प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ। यस्तै गाउँपालिका बाहिरका जुन सुकै बिरामीलाई ४० प्रतिशत छुटमा गाउँपालिका केन्द्रदेखि जिल्ला अस्पतालसम्म पुऱ्याउने व्यवस्था गरिने गाउँपालिकाको तेह्रौं गाउँसभाबाटै पारित गरिएको स्वास्थ्य शाखा प्रमुख बलिराज शाहीले बताए । मध्यान्हसँगको कुराकानीमा उनले गाउँपालिकाको असार ८ गते बसेको निर्णय अनुसार गाउँपालिकाभित्रका सुत्केरी महिलालाई निःशुल्क जिल्ला अस्पतालसम्म पुऱ्याउने व्यवस्था गरिएको छ । यसले आफ्नो गाउँपालिका भित्रका सुत्केरी तथा न्यून आयोस्रोत भएका बिरामीले अकालमा ज्यान गुमाउन नपर्ने गाउँपालिका अध्यक्ष कर्ण बहादुर रावलले बताए ।

# जलन भएका व्यक्तिको उद्धार

पेट्रोलिम पर्दाथबाट जलन भएका एक व्यक्तिको उद्धार गरिएको छ। खार्पुनाथ गाउँपालिका वडा नं ३ राया निवासी मेगराज टमटालाई जिल्ला प्रहरी कार्यालय मातहतमा रहेको याँङ्चु प्रहरी चौकीले उद्धार गरी जिल्ला अस्पताल पुऱ्याएको हो । यहि असार १३ गते साँझ बोतलमा रहेको पेट्रोल बत्ती बाल्ने टुक्कीमा खनाउने क्रममा टमटालाई आगोले भेटेको थियो । उनको पेट, अनुहार, हात खुट्टा जलेको छ । घाइते टमटालाई प्रहरीले उद्धार गरी असार १४ गते जिल्ला अस्पतामा पुऱ्याएको र उपचार भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?
यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।
Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
सम्पर्क: 01-4958923 / 01-4952044
मो: 9741818340 ( WhatsApp/Viber )

वर्षातको समयमा बाढी तथा पहिरोबाट जोगिऔं
जथाभावी सडक निर्माण र वन विनाशले बाढी पहिरो निम्त्याउने हुँदा :
- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढी पहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भूक्षय रोक्नेखालका बिरुवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।
- बाढी पहिरोबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।
लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

## सम्पादकीय

# निकास देऊ

मुख्यमन्त्री हिक्मत कार्कीले विश्वासको मत लिने कार्यसूची रहेको बिहीबार राति अवेरसम्मको दृष्य हेर्दा कोशी प्रदेशको सत्ता जोगाउने वा नयाँ निर्माण गर्ने कोर्स संकटमा देखिएको छ । नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टी (जसपा) ले सरकारबाट बाहिरिदै समर्थन फिर्ता लिएपछि बिहीबार मुख्यमन्त्री कार्कीले विश्वासको मत लिने कार्यसूची तय भएको थियो । पूर्वनिर्धारित कार्यसूची बमोजिम मुख्यमन्त्री कार्कीले विश्वासको मत मागे, त्यसमाथि दलका नेताहरूले आफ्नो निर्णय प्रस्तुत गरे । नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले अहिलेकै सरकारलाई विश्वासको मत दिएर निकास दिनुपर्ने मत राखे भने विपक्षी दलहरू नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले विश्वासको मत नदिने निर्णय सुनाए ।

तर जनता समाजवादी पार्टी (जसपा) ले तटस्थ रहने निर्णय लियो । सभामुख बाबुराम गौतमले विश्वासको मतबारे पार्टीको धारणा राख्न जसपाकी सांसद निर्मला लिम्बुलाई समय दिदा पनि उनी बोलिनन् । जसपाको उनी एक्लो सांसद हुन् । तर जसपा तटस्थ बस्ने निर्णय लिदा कोशी प्रदेशको सत्ता संकटमा परेको देखिन्छ । अस्वभाविक र कल्पना बाहिरको घटना नभए अब कुनैपनि समीकरणलाई बहुमत पुग्ने देखिएन । मुख्यमन्त्री कार्कीका पक्षमा एमालेका ४० र राप्रपाका ६ सांसदको समर्थन छ । नयाँ सरकार बनाउनुपर्ने पक्षमा नेपाली कांग्रेसका २९, नेकपा माओवादी केन्द्रका १३ (सभामुखसहित) र एककृित समाजवादीका चार जना प्रदेश सदस्य देखिए । अर्थात् प्रदेशसभाको बहुमत सदस्यका निम्ति आवश्यक ४७ सांसद विपक्षमा पनि देखिएन ।

यसले कुनैपनि सत्ताको पक्षमा बहुमत नरहने प्रष्ट भएको छ । किनकि जसपाको तटस्थ मत नै निर्णायक बन्ने लगभग प्रष्ट छ । यदि अहिलेकै समीकरण र जसपाको अडान कायमै रहे कोशी प्रदेश मध्यावधि चुनावतिर जाने खतरा बढेको छ । त्यस्तो अवस्था भनेको २०७२ को संविधान भएपछि पहिलो अभ्यास हुनेछ । नेपालकै इतिहासमा पनि २०५१ मा एकपटक मात्रै मध्यावधि भएको छ । त्यसपछि पटकपटक सरकार फेरिरहँदा पनि मध्यावधिको आवश्यकता परेको थिएन । यदि कोशी प्रदेश त्यो बाटोमा हिडे दोस्रो अभ्यास हुनसक्छ । मध्यावधि पनि संवैधानिक व्यवस्थाकै पक्ष हो । तर त्यसले संसदीय अभ्यास र राजनीतिप्रति विश्वास कमजोर हुनेछ । किनकि मध्यावधिको कारण दलहरूको सत्ता मोह हो । अतः सकेसम्म र संभावना रहेसम्म नेतृत्वले निकासको बिकल्प अपनाउनु उपयुक्त हुनेछ ।

# समाजवादी मोर्चा किन ?

*ठूला-ठूला शक्तिहरू पनि एक्लै हिँड्न खोज्दा पराजित भएका घटना थुप्रै छन् । गत संसदीय चुनावमा ठूलो र शक्तिशाली भएर पनि एक्लै हिँड्ने अहंकारका कारण एमाले सरकार बाहिर रहनु पर्‍यो । अघिल्लो संसदमा नेकपा विभाजनपछि संसदमा एक्लिएकै कारण केपी शर्मा ओली सरकारबाट पदच्युत हुन पुगे ।*

अग्रलेख



● विष्णु पन्त

सत्तारुढ तीन दल (माओवादी केन्द्र, एकीकृत समाजवादी र जनता समाजवादी) र सत्ता बाहिरको नेपाल कम्युनिष्ट पार्टी मिलेर समाजवादी मोर्चा गठन गरेसँगै राजनीतिक वृत्तमा बेग्लै खालको बहसको प्रारम्भ छ । मोर्चालाई जोडेर विशेषत राजनीतिक वृत्तमा बाम शक्तिहरुको भविष्य र समग्र राजनीतिको दिशाबारे चर्चा परिचर्चा भइरहेको छ । कतिपयले संसदीय व्यवस्था नै नमान्ने विप्लव र अन्य दलबीचको सम्बन्ध के भन्ने कोणबाट पनि बहस गरेका छन् । मोर्चाको अभ्याससँगै पार्टी एकतासम्म पुग्ने एकथरिको बुझाई छ भने अर्काथरि सबै वाम, प्रगतिशिल तथा राष्ट्रवादी शक्तिहरुलाई एकताबद्ध गर्ने समयको आवश्यकतालाई विश्लेषण गरी यसको सुरुवात गरिएको बताउँछन् । जे भएपनि मोर्चाले आम बाम शक्तिको बीचमा साँच्चिकै सकारात्मक तरंग भने सिर्जना गराएको छ ।

पछिल्लो राजनीतिक घटनाक्रमलाई हेर्ने हो भने माओवादी केन्द्रको सफलता खासगरी मोर्चा वा गठबन्धनमार्फत निष्कर्षमा पुगेको देखिन्छ । उता संसदीय अभ्यास बाहिरको नेकपा पनि मोर्चा निर्माण वा गठन विघटनका अभ्यासहरुमा निरन्तर देखिन्छ । नेपाली राजनीतिमा एमाले बलियो भएर पनि अरुलाई अस्वीकार गर्ने मनोवृत्तिका कारण पराजित छ । माओवादी केन्द्र संसदमा तेस्रो शक्ति वा आकारमा सानो भएर पनि उसले सरकारको नेतृत्व गरिरहेको छ । संसदीय राजनीतिमा प्रचण्ड धेरै सफल भएका छन् र त्यसको एउटै सिद्धान्त सूत्र हो : मोर्चा वा गठबन्धनको निर्माण । स्वयंसिद्ध तथ्य छ, जब एक्लै लड्न सकिँदैन तब मोर्चाको गठन गर्नु आवश्यक हुन्छ ।

यति बुद्धि नभएको भए सायद प्रचण्ड र माके धेरै नै पहिले निकै शक्तिहिन हुने थियो । एमालेमा म बहादुर र ठूलो छु भन्ने अहंकार अनि दम्भ छ तर, आजको मितिसम्म त्यो मनोविज्ञान पटक-पटक पछारिएको छ । त्यसकारण राजनीतिमा अहंकार र रुढीवादी हैन वुद्धि र परिस्थितीको ठोस विश्लेषण चाहिन्छ । विप्लवमा एउटा गजबको विशेषता छ, त्यो हो कार्यनीतिक गतिशिलता । उनमा बाटोहरु परिवर्तन गर्न सक्ने विशेषता छ । प्रचण्ड र विप्लवमा गतिशिलता पाउन सकिरहेको र दुवैले एकअर्कालाई निकट बनाउने भित्रि इच्छा रहेको अनुभूत गर्न सकिन्छ । यदि पूर्वमाओवादी भएर सोच्ने हो भने अस्तित्वको लागि पनि सबै माओवादीहरुबीचको एकता पहिलो आवश्यकता हो । नत्र भने सबै माओवादीहरुलाई अपराधीको संगीन आरोप लगाउँदै जेल हाल्ने दिन धेरै टाढा छैन ।

आज पूर्वमाओवादीहरुमाथि युद्ध अपराध, भ्रष्टाचार र हेगका आरोपहरु खुलेआम लाग्न थालेका छन् । यसको मुख्य कारण त विभाजन हो भनेर अन्य घटकले बुझ्न सक्ने कहिले होला ? ठोस परिस्थितिको ठोस विश्लेषण भनेको के हो ? आलोचना वा बहस गर्ने हो भने पार्टी बनेको १०/१५ वर्षसम्म एउटा पनि सेना बनाउन नसक्ने, जनयुद्धको केही पनि तयारी गर्न नसक्ने तर, माओवाद भनिराख्ने मोहन वैद्य किरण क्रान्तिकारी कि संशोधनवादी ? स्पष्ट छ, चाहेर वा नचाहेर शान्ति प्रक्रियापछिका सबै माओवादीहरु संशोधनवादी भएका छन् । फरक देखिएका विप्लव पनि पुरानै ढंगको प्रयत्न गर्दा सफल हुन सकेनन् । सरकारी प्रतिबन्ध र दमनको सामना गर्दै १२ जना योद्धाहरुको सहादत सामान्य कुरा थिएन ।

समाजवादी मोर्चाको घोषणा कार्यक्रममा विप्लव पुग्दा धेरै ठूलो समर्थन र ताली बज्यो । यो स्वागत अन्य दलका कार्यकर्ताहरु गरेका थिए । त्यसकारण कार्यकर्ता पंक्तिमा विप्लव आकर्षणका केन्द्र बनेका छन् र त्यसको मुख्य कारण हो उनीमा विचारप्रतिको इमानदारिता र प्रतिबद्धता छ । उनीमा एउटा नयाँ वा नमुना क्रान्ति नायक बन्ने भित्रि इच्छा छ । उनी एक्लै उभिएर व्यवस्थाविरुद्ध लड्ने शाहस पनि गरे तर, सफल हुन सकेनन् । अहिलेको समाजवादी मोर्चालाई संसदवादबाट पर धकेल्न सके त्यो समाजवादको आधार बन्न सक्छ भन्ने उनको निश्कर्ष सही छ । समाजवादी मोर्चालाई बृहत र व्यापक बनाउन सके त्यसको सम्भावना उज्जल छ । अहिले बाबुराम भट्टराईलगायतका नेताहरु छुटेका छन् । यसलाई विस्तार गर्न आवश्यक छ ।



> *२०४६ मा नेपाली कांग्रेस र बाम मोर्चाको मोर्चाबन्दी वा एकता भएपछि मात्रै पञ्चायती व्यवस्थाको अन्त्य भएको हो । २०६२/०६३ मा तत्कालीन संसदवादी सात दल र माओवादीबीचको मोर्चाबन्दीकै कारण राजतन्त्रको अन्त्य भएको थियो । त्यसकारण मोर्चाको निर्माणबाट एउटा चमत्कारिक तागत वा उर्जा पैदा हुन्छ ।*

पुराना शीर्ष नेताहरुलाई सरकारमा व्यवस्थापन गरी पार्टी वा मोर्चाको नेतृत्व युवा पंक्तिले गर्नेगरी बृहत्त राष्ट्रिय एकता गर्नसक्ने सम्भावना छ । हामीले देख्यौं सुशिल कोइरालाको पालामा बृहत संसदीय एकताकै आधारमा संविधान जारी भएको थियो । एमाले र माकेको एकतापछि मुलुकमा वैदेशिक हस्तक्षेप कम भएको थियो । अनि आम सहमतिका आधारमा चुच्चे नक्सा पनि जारी गर्न सरकार सफल भएको थियो । अब त्यो बृहत एकता व्यवस्था बदल्ने कुरामा हुनुपर्दछ । संसदीय व्यवस्थालाई बदल्ने सवालमा पनि आम सहमति बन्नुपर्छ ।

### मोर्चा निर्माणले शुरू भएको बहस

समाजवादी मोर्चाको घोषणापछि आबद्ध दलहरुभित्र उत्साह र बाहिर तरंग वा हलचल उत्पन्न भएको छ । सकारात्मकरूपमा विश्लेषण गर्दा उत्साह, एकता, पुनर्मिलन र तरंग पैदा भएको छ भने नकारात्मक कोणबाट अविश्वास, आलोचना, आशंका र प्रश्नहरु उत्पन्न भएको छ । मूल वा सारमा यो मोर्चाले नेपाली राजनीतिमा एउटा नयाँ सनसनी र हलचल मच्चाएको छ । राजनीतिका विद्यार्थी र विज्ञहरुमा कौतुहलता र ध्यान आकृष्ट गरेको छ । मोर्चाको भविष्य कहाँ पुग्ने हो त्यो त आकंलन गर्न नसकिए पनि वितृष्णा वा निराशामा डुबेको समाजवादी आन्दोलनको नारामा एउटा उर्जा वा हौसला प्रदान गरेको छ ।

मोर्चाको निर्माणपछि त्यसमा आबद्ध दलहरुबीच छलफल, बहस र विश्वसनियता पैदा हुँदै गरेको देखिन्छ । सबैलाई थाहा छ, एकताबाट मात्रै बल पैदा हुन्छ । २०४६ मा नेपाली कांग्रेस र बाम मोर्चाको मोर्चाबन्दी वा एकता भएपछि मात्रै पञ्चायती व्यवस्थाको अन्त्य भएको हो । २०६२/०६३ मा तत्कालिन संसदवादी सात दल र माओवादीबीचको मोर्चाबन्दीकै कारण राजतन्त्रको अन्त्य भएको थियो । त्यसकारण मोर्चाको निर्माणबाट एउटा चमत्कारीक तागत वा उर्जा पैदा हुन्छ । ठूला-ठूला शक्तिहरु पनि एक्लै हिँड्न खोज्दा पराजित भएका घटना थुप्रै छन् । आजको विश्वमा समाजवाद पतन हुनुको मुख्य कारण मोर्चाबन्दीको अभाव पनि हो । आज चीन र रुसले अमेरिकाविरोधी मोर्चाको अभ्यास गरेकै कारण उनीहरु टिक्न सफल भएका छन् । नेपालमा गत संसदीय चुनावमा ठूलो र शक्तिशाली भएर पनि एक्लै हिँड्ने अहंकारका कारण एमाले सरकार बाहिर रहनु पर्‍यो । अघिल्लो संसदमा नेकपा विभाजनपछि संसदमा एक्लिएकै कारण केपी शर्मा ओली सरकारबाट पदच्युत हुन पुगे । अमेरिका त्यतिबेलासम्म शक्तिशाली रहन्छ, जतिबेलासम्म उ विरुद्ध मोर्चाबन्दी हुँदैन । एमाले वा नेपाली कांग्रेस पनि त्यतिबेलासम्म शक्तिशाली हुनेछन्, जतिबेलासम्म उनीहरुविरुद्ध मोर्चाबन्दी हुनेछैन ।

इतिहासलाई कोट्याउँदा जर्मनीमा कम्युनिष्ट पार्टीलाई हराउन सबै दल मिलेर नै सफल भएका थिए । ठूलो दल वा शक्तिका अहंकार, घमण्ड र निरंकुशतालाई चिर्नका लागि पनि मोर्चा अपरिहार्य छ । त्यसकारण, सिद्धान्तः समाजवादी मोर्चाको निर्णय र अभ्यास वैज्ञानिक र सही छ ।

खासगरी एमाले र कांग्रेसले बुझ्नुपर्छ ठूलो हुनुको अर्थ सानालाई किच्दै जाने होइन । साना वा फरक अस्तित्वलाई तिरस्कार, अस्वीकार अनि अपहेलना गर्नु नै ठूलो वा महान् हुनु हैन । सानालाई वा फरक विचार र दृष्टिकोणलाई सम्मान गर्न अनि उनीहरुलाई पनि समेट्न सिक्नु महानता हो । अहिलेको मोर्चाले अहंकारी शक्तिलाई धेरै ठूलो शिक्षा दिएको छ ।

### बृहत् राष्ट्रिय एकता आवश्यक

